# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं भाद्र १८ गते ०८ साल

## भाग ७

## निजी धारा विषयक सूचना

हाल निजी धारा हुनेहरूले आफ्नो नाउँमा दर्ता भैरहेका धाराहरूमध्ये आफ्नो कामलाई चाहिंदोभन्दा बढ्ता धाराहरू आजका मितिसम्म अरूलाई दिन पाउने भैरहेकोमा अबलाई सो दिन नपाउने भएको छ। यस्तो पानीको अभाव भएको वेलामा आफूलाई चाहिएको भन्दा बढ्ता नरा ी बढ्ता भएको यस मन्त्रालयलाई सूचना दिएमा सो बढ्ता भएको धारा जनतालाई चाहिने ठाउँमा राखिदिन हुनेछ । यस विषयमा यस मन्त्रालयबाट एकभन्दा बढी धाराहरू हुने घरमा सो बढी धाराको जरूरत मुनासिब छ छैन जाँच हुनेछ । बढी भएको बन्द गरिदिइनेछ । यसकारण अहिले नै आफूलाई चाहिएको भन्दा बढी भएको धाराको यस मन्त्रालयलाई जनाउ दिई बन्द गराउनु भएमा सारै बढिया कुरा हो ।

स्वास्थ्य मन्त्रालय ।

गोरखापत्रछापाखानाबाट प्रकाशित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।